वार्षिक प्रतिवेदन

आ.व. २०८२/०८३



लुम्बिनी प्रदेश सरकार

शहरी विकास, उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

बुटवल, रुपन्देही

आ.ब. २०८२/२०८३

श्रावण २०८३

वार्षिक प्रतिवेदन

आ.व. २०८२/२०८३

भाद्र २०८३



लुम्बिनी प्रदेश सरकार

शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

बुटवल, रुपन्देही

फोन नं.	:	०७१-५४०७१२, ९८५७०४७५५८
Email	:	gwrdb.butwal@gmail.com
Website	:	www.gwriddbtwl.lumbini.gov.np
Website	:	facebook.com/gwidd.butwal.1/
WhatsApp	:	9857057448
प्रकाशक	:	भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बुटवल रुपन्देही ।

कार्यालयका कर्मचारीहरू



(कार्यालय प्रमुख)

नामः महेश पोखेल
पदः सि.डि. हाइड्रोजियोलोजिस्ट
तहः अधिकृत दशौं
सम्पर्क : ९८५७०५७४४८



(सूचना अधिकारी)

नामः बिष्णु उपाध्याय
पदः ब. हाइड्रोजियोलोजिस्ट
तहः अधिकृत आठौं
सम्पर्क : ९८५७०५०६३४



नामः नारायण प्रसाद पन्थी
पदः ब.प्राविधिक अधिकृत
तह : अधिकृत सातौं
सम्पर्क : ९८५७०३५५५०



नामः बिनोद कुमार पौडेल
पदः ब. अधिकृत (लेखा)
तहः अधिकृत सातौं
सम्पर्क : ९८५७०५०७४५



नामः कृष्ण बहादुर विक
पदः कम्प्युटर अधिकृत
तहः अधिकृत छैटौं
सम्पर्क : ९८६६९२०६३७



नामः निकेश कुमार मण्डल
पदः प्राविधिक अधिकृत
तहः अधिकृत छैटौं
सम्पर्क : ९८६२२१२८१५



नामः पोमकला भण्डारी
पदः ना.सु.
श्रेणीः रा.प.अन. प्रथम
सम्पर्क : ९८४४७६९९७५



नामः शरण आचार्य
पदः सव-इन्जिनियर
तहः पाँचौं
सम्पर्क : ९८४६६४१०००

विषय सूची

भाग- एक.....१

१. कार्यालयको परिचय.....१

१.१. पृष्ठभूमि.....१

१.२. सेवाको उद्देश्य र प्रकार.....२

१.३. सेवाको प्राप्तिको प्रकृया.....२

१.४. घरजग्गा तथा सवारी साधन.....३

१.५. सङ्गठन संरचना.....४

१.६. हाल कार्यरत कर्मचारीको विवरण.....५

भाग-दुई.....७

२. कार्यक्षेत्र सम्बन्धी विवरण.....७

२.१. क्षेत्राधिकार.....७

२.२. कार्यक्षेत्रको वस्तुगत अवस्था.....७

भाग-तीन.....९

३. आ. ब. २०८२/०८३ वार्षिक लक्ष्य तथा प्रगति.....९

३.१. वार्षिक बजेट तथा खर्च विवरण.....९

३.२. वार्षिक प्रगति सारांश.....११

३.३. योजनागत वार्षिक प्रगति.....१२

क) भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ कार्यक्रम (समानिकरण).....१२

ख) भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ आयोजना (संघीय ससर्त).....१८

ग) सिँचाई योजना मर्मत सम्भार तथा विस्तार (३०८०००१८४).....१९

घ) खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार (३४७०२०१५४).....२०

३.४. कार्यान्वयन हुन नसकेका योजनाहरू.....२१

३.५. क्रमागत ठेक्का विवरण.....२३

भाग-चार

४. कार्यालयको उपलब्धी.....२४

४.१. वार्षिक परिमाणात्मक उपलब्धी (आ.ब.२०८२/०८३).....२४

४.२. हाल सम्मको उपलब्धि (आ.ब.२०८२/०८३ सम्म).....२४

४.३. विगतमा सम्पन्न भएका योजनाहरू.....२५

भाग-पाँच

५. बेरुजु तथा समस्याहरु.....२६

३.६. बेरुजू सम्बन्धी विवरण.....२६

३.७. समस्याहरू.....२६

अनुसुचिहरु

अनुसूची-१: - कार्यालय प्रमुखहरूको विवरण २९

अनुसूची-२: नागरिक बडापत्र.....३१

अनुसूची-३: प्रदेश सरकारबाट निर्माण भएका डिप ट्युबवेल योजनाहरूको प्राविधिक विवरण..... ३२

अनुसूची-४: आ.व. २०७५/०७६ मा निर्माण सम्पन्न स्यालो ट्यूववेल योजनाहरु.....५१

अनुसूची-५: आ.व. २०७५/०७६ मा निर्माण सम्पन्न स्यालो ट्यूववेल योजनाहरु..... ५४

अनुसूची-६: आ.व. २०७७/७८ मा निर्माण सम्पन्न स्यालो ट्यूववेल योजनाहरु.....५७

अनुसूची-७: आ.व. २०७८/७९ मा निर्माण सम्पन्न स्यालो ट्यूववेल योजनाहरु.....५८

अनुसूची-८: आ.व. २०७९/८० मा निर्माण सम्पन्न स्यालो ट्यूववेल योजनाहरु.....६०

अनुसूची- ९: आ.व. २०८०/८१ मा निर्माण सम्पन्न स्यालो ट्यूववेल योजनाहरु । ६२

अनुसूची- १०: आ.व. २०८१/८२ मा निर्माण सम्पन्न स्यालो ट्यूववेल योजनाहरु..... ७३

अनुसूची — ११: निर्माणनधिन डिप ट्युबवेल योजनाहरुको विवरण (क्रमागत).....७७

अनुसूची-१२: आ.व. २०८२/०८३ मा निर्माण सम्पन्न भएका डिप ट्यूववेलको विवरण.....८३

अनुसूची-१३ आ.व. २०८२/०८३ मा निर्माण भएका स्यालो ट्युववेलको विवरण..... ८४

अनुसूची-१४: आ. व. २०८२/८३ मा बहुवर्षीय स्रोत सुनिश्चित भएका योजनाहरू.....९१

अनुसूची -१५: आ.व. २०८२/८३ मा निर्माण भएका सिँचाइ प्रणाली सम्बन्धी नक्साहरु ९३

अनुसूची-१६: आ.व २०८१/०८२ मा निर्माण भएका डिप ट्युववेलहरुको डाटा.....१०४

अनुसूची-१७: आ.ब. २०८२/८३ मा सम्पादित कार्यबाट भएको उपलब्धि ११०

अनुसूची-१८: आ.ब. २०८३/८४ को वार्षिक विकास कार्यक्रम ११७

तालिका सूची

तालिका १: कार्यालयको दरबन्दी तेरिज ४

तालिका २:कार्यालयमा हाल कार्यरत कर्मचारीको विवरण ५

तालिका ३: कार्यालयको कार्यक्षेत्र विवरण ८

तालिका ४: आ.ब. २०८२/०८३ को वार्षिक विनियोजन तथा खर्च विवरण ९

तालिका ५: आ.व. २०८२/०८३ को बजेट स्रोतको आधारमा वार्षिक प्रगति १०

तालिका ६: आ.व. २०८२/०८३ को प्रगति अवस्था-सामानिकरण तर्फ १२

तालिका ७: संघीय विशेष अनुदानबाट भएको प्रगति १७

तालिका ८: ससर्त तर्फका योजनाहरूको प्रगति अवस्था १९

तालिका ९:मर्मत सम्भार तर्फका योजनाहरूमा भएको कार्य विवरण २०

तालिका १०:खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम २०

तालिका ११: आ.व.२०८२/०८३ मा कार्यान्वयन हुन नसकेका योजना विवरण २१

तालिका १२:क्रमागत ठेक्का/योजना विवरण (रकम रु हजारमा) २३

तालिका १३: कार्यालयले आ.व. २०८२/८३ मा गरेको सूचकमा आधारित जिल्लागत प्रगति २४

तालिका १४: हालसम्मको जिल्लागत सिँचित क्षेत्र विस्तार २४

तालिका १५: विगत वर्षमा सम्पन्न आयोजना विवरण २५

तालिका १६:एकीकृत जलस्रोत व्यवस्थापन आयोजन (IWRMP) बाट सम्पन्न भएका योजनाहरू २५

तालिका १७: कार्यालयको हाल सम्मको बेरुजू विवरण २६

तालिका १८: समस्या र समाधानका उपायहरु २६

भाग- एक

१. कार्यालयको परिचय

१.१. पृष्ठभूमि

नेपालमा भूमिगत जलस्रोतको अन्वेषण र पहिचानका गतिविधिहरू वि. स. २०२३ मा सिँचाइ विभाग अन्तर्गतको एक प्राविधिक एकाइ मार्फत सुरु भएका थिए। भूमिगत जलको अध्ययन तथा अनुसन्धान गतिविधिलाई थप सुदृढ बनाउन र भूमिगत जल सिँचाइ विकासका लागि सम्भावित क्षेत्रहरू पहिचान गर्न नेपाल सरकारले वि. स. २०३२ मा तत्कालीन जलस्रोत मन्त्रालय अन्तर्गत भूमिगत जलस्रोत विकास समिति (GWRDB) को स्थापना भएको थियो। यसै समिति अन्तर्गत २०३२ सालमा कपिलवस्तु नलकूप आयोजना स्थापना भई यस क्षेत्रमा २०४४ साल सम्म भूमिगत सिँचाइको विकास गरेको थियो । २०४४ सालमा भूमिगत जलस्रोत विकास परियोजना, फिल्ड कार्यालय र २०६७ सालमा भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय स्थापना भई कार्य भई रहेको थियो ।

वि.स. २०७२ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभागको मातहत रही २०७२/३/३१ मा भूमिगत जल सिँचाइ विकास डिभिजन कार्यालयको गठन भएको थियो । २०७४ सालको राज्य पुनर्संरचनाको सिलसिलामा भूमिगत जल सिँचाइ विकास डिभिजन कार्यालय लुम्बिनी प्रदेशको साबिकको भौतिक पूर्वाधार विकास मन्त्रालयको मातहतमा भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्थापना भई कार्य जिम्मेवारी तोकिएको थियो । हाल यस कार्यालय सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय अन्तर्गत रहेको छ । यस कार्यालयको कार्यक्षेत्र संघीयता स्थापना अघि रुपन्देही, नवलपरासी (पूर्व र पश्चिम समेत), पाल्पा, गुल्मी र स्याङ्गजा समेत रहेको थियो भने संघीयता स्थापना पश्चात् कार्यालयको कार्यक्षेत्रमा केही हेरफेर गरी हालको कार्यक्षेत्र लुम्बिनी प्रदेशका रुपन्देही, नवलपरासी (ब.सु.प), पाल्पा र गुल्मी गरी चार जिल्ला हरू रहेका छन् ।

सम्बत् २०३२ मा कपिलबस्तु नलकुप आयोजनाको रुपमा स्थापना भएको कार्यालय सम्बत् २०४४ मा भूमिगत जलस्रोत विकास परियोजना फिल्ड कार्यालय बुटवल र पछि सम्बत् २०६७ मा भूमिगत जलस्रोत विकास समिति शाखा कार्यालय बुटवलको रुपमा यस क्षेत्रको भूमिगत जलस्रोतको अनुसन्धान तथा विकासमा कार्य गर्दै आएकोमा सम्बत् २०७२ मा समितिको कार्यालयलाई यथावत् राखी भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बुटवल स्थापना भएको थियो । यी दुवै कार्यालयहरू एकै स्थानमा एकै कार्यालय प्रमुखले सञ्चालन गर्ने गरी सुरुमा व्यवस्थापन गरीएको र सम्बत् २०७५ को राज्य पुनर्संरचनाको सिलसिलामा समितिको कार्यालय संघमा र डिभिजन कार्यालय प्रदेश सरकार मातहत रहन गयो । सम्बत् २०८० मा समितिको कार्यालय संघ सरकारले खारेजी गरेको र उक्त कार्यालयको नाममा रहेको जायजेथा यसै जिल्ला स्थित भैरहवा लुम्बिनी भूमिगत सिँचाइ व्यवस्थापन कार्यालय भैरहवालाई जिम्मा दिएको थियो । हाल समितिको कार्यालय अस्तित्वमा रहेको छैन र त्यस कार्यालयले यस अघि गरेका डिप ट्यूववेल सिँचाइ प्रणालीहरूको मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी कार्यहरू यसै डिभिजन मार्फत हुँदै आएको छ । प्रदेश सरकारको भूमिगत जलस्रोत विकास सम्बन्ध आफ्नै नीति योजना कार्यान्वयनको अतिरिक्त यस अघि

गरेका डिप ट्यूववेल सिँचाइ प्रणालीहरूको मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी कार्यालय यसै डिभिजन मार्फत हुँदै आएको छ ।

१.२. सेवाको उद्देश्य र प्रकार

क) सेवाको उदेश्यः

यस कार्यालयबाट प्रदान गरीने सेवाको उद्देश्य यस प्रकार रहेका छन् ।

- भूमिगत जलस्रोतको उपयोग गरी कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व तथा उत्पादन वृद्धि गरी कृषकहरूको जीवनस्तरमा सुधार गर्ने ।
- भूमिगत सिँचाइ प्रणाली विकास, विस्तार तथा सुदृढीकरण गरी वर्षै भरि भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने ।
- निर्मित सिँचाइ संरचनाको मर्मत सम्भार तथा कृषक उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलब्ध गराई सिँचाइ प्रणालीको दक्षता वृद्धि गर्ने ।

ख) सेवाको प्रकारः

यस कार्यालयबाट प्रदान गरीने सेवाका प्रकार निम्न बमोजिम रहेको छन ।

क) डिप ट्यूववेल सिँचाइ प्रणाली निर्माण गरी सिँचाइ सुविधा उपलब्ध गराउने ।

ख) पावर ड्रिल तथा स्यालो ट्यूववेल सिँचाइ प्रणालीको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउने ।

ग) डिप ट्यूववेल सिँचाइ प्रणालीको मर्मत, सम्भार तथा व्यवस्थापनमा सहयोग गर्ने तथा उपभोक्ता कृषकलाई प्राविधिक सहयोग तथा आवश्यक तालिम उपलब्ध गराउने ।

घ) कार्यक्षेत्र भित्र आवश्यकता अनुसार अध्ययन, अनुसन्धान गरी भूमिगत जलस्रोत संभाव्यता पहिचान गर्ने ।

१.३. सेवाको प्राप्तिको प्रकृया

भूमिगत जल सिचाई योजना कार्यान्वयन कार्यविधि २०७७ बमोजिम नयाँ डिप तथा स्यालो ट्यूववेल योजना माग गर्न तपसिल बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्दछ ।

- **जल उपभोक्ता संस्था (ज.उ.स.)गठन गर्ने** : उपभोक्ता कृषकहरुले एक तदर्थ जल उपभोक्ता सस्थाको (ज.उ.स.) गठन गर्ने ।
- **जग्गाको लगत** : कार्यालयबाट उपलब्ध गराइने माग फाराममा जग्गाको लगत तथा अन्य विवरण प्रस्ट बुझिने गरी भर्ने ।
- **अन्य कागजात** : जग्गाको क्षेत्रफल खुल्ने कागजात (लालपुर्जाको प्रतिलिपि वा तिरो तिरेको रसिदको प्रतिलिपि), योजना माग सम्बन्धमा ज.उ.स.को निर्णयको प्रतिलिपि, ज.उ.स. पदाधिकारीहरूको नागरीकताको प्रतिलिपि, र नापी कार्यालय बाट सिँचित क्षेत्र खुल्ने नापी नक्सा (नक्साको ब्लु प्रिन्ट) समावेश गर्ने ।

- **सिफारिस** : योजनाको आवश्यकता तथा माग सम्बन्धमा स्थानीय निकायको सिफारिस पत्र समावेश गर्नु पर्ने ।
- **निवेदन** : माथि उल्लिखित सबै कागजातहरू, माग फाराम, सिफारिस पत्र र ज.उ.स.को निर्णय सहित कार्यालयमा निवेदन दिनुपर्ने ।
- **सिँचित क्षेत्रः** प्रति डिप ट्यूववेल तराई क्षेत्रमा ३० हेक्टर र पहाडी क्षेत्रमा १० हेक्टर जमिन, प्रति पावर ड्रिल स्यालो ट्यूववेलको लागि तराइमा २.५ हे, भित्रि मधेशमा २ हेक्टर र पहाडी क्षेत्रमा १० रोपनी जमिन र प्रति स्यालो ट्युबेलको लागि तराइ तथा भित्री मधेशमा २ हेक्टर र पहाडी क्षेत्रमा १० रोपनी जमिन हुनु पर्ने ।
- **धरौटी रकम** : डिप ट्यूववेल योजनाको लागि प्रति हेक्टर रु. ५०० का दरले ३० हेक्टरको रु १५००० (पन्ध्र हजार) कार्यालयको धरौटी खातामा रकम जम्मा गरेको भौचर कार्यालयमा पेस गर्नु पर्ने तथा स्यालो ट्यूववेलको हकमा कुनै धरौटी राख्नु नपर्ने ।
- **योजना छनौट** : कार्यालयमा पेस भएका निबेदन उपर प्राबिधिक अध्ययन गरी सम्भाव्य क्षेत्र र स्थानीय आवस्यकता एकिन पछि तालुक कार्यालयको समन्वयमा लागतको सुनिश्चिता गरी योजना छनौट गरीने ।
- **जनसहभागिता** : डिप ट्यूववेल सिँचाइमा पम्प घर तथा पानी वितरण प्रणाली निर्माणमा लागतको ५ प्रतिशत जनसहभागिता (नगद वा श्रमदान) बापत कृषकहरूले व्यहोर्नु पर्ने र अन्य संरचना निर्माणमा जनसहभागिता नलाग्ने ।

१.४. घरजग्गा तथा सवारी साधन

क) जग्गा तथा भवनः

हाल यस कार्यालय साबिकको कपिलवस्तु नलकुप आयोजना (भूमिगत जलस्रोत विकास समिति शाखा कार्यालय बुटवल) को नाममा रहेको बुटवल उप-महानगरपालिका वार्ड न. ५ हाटबजारमा रहेको जग्गामा अवस्थित छ । यस कार्यालयले हाल प्रदेश सरकारबाट निर्मित आफ्नै नयाँ कार्यालय भवनबाट सेवा सुचारु गरीरहेको छ । सोही समितिको स्वामित्वमा रहेको घर-टहराहरु समेत कार्यालय प्रयोजन तथा कर्मचारी आवास प्रयोजनको रूपमा प्रयोग भइरहेको छ । यस अघि यस कार्यालयले प्रयोग गरिरहेको सोही समितिका पक्की घरहरू हाल प्रदेश स्तरीय कृषि विकास निर्देशनालय, सडक पूर्वाधार विकास कार्यालय र प्रदेश लोक सेवा आयोगले प्रयोग गरी रहेकोले स्टोर प्रयोजनको लागि केही असुविधा रहेको छ ।

ख) सवारी साधनः


यस कार्यालयमा हाल २ गोटा पिक-अप गाडी रहेकोमा एउटा पिक-अप गाडी (Lumbini BAA 0912) चालू अवस्थाको र अर्को पिक-अप गाडी (बा १ झ ४२३३) पुरानो/जीर्ण अवस्थामा रहेको छ । यस कार्यालयमा ४ थान मोटरसाइकलहरू (Lumbini AAA 8268, Lumbini AAA 8345, बा.१.ब. ८३५४, बा.२.ब. ७३७१) र १ थान स्कुटर (Lumbini AAA 5073) प्रयोगमा रहेका छन् । कार्यालयको कार्य क्षेत्र, कार्य

प्रकृति, कार्य बोझ अनुरूप २ गोटा चार पाँग्रे सवारी अत्यावश्यक भएको र हाल प्रयोगमा रहेका मध्ये एउटा गाडी निकै पुरानो तथा जीर्ण भएको तथा मर्मत खर्च अधिक आउने हुँदा १ गोटा थप सवारी साधनको आवश्यकता रहेको छ ।

१.५. सङ्गठन संरचना

कार्यालयको सङ्गठन संरचना र दरबन्दी विवरण तपसिल बमोजिम रहेको छ ।

चित्र नं १. कार्यालयको सङ्गठन संरचना



तालिका १: कार्यालयको दरबन्दी तेरिज

क्र.सं.	पद	सेवा/समुह/उपसमूह	तह	स्वीकृत दरबन्दी	कैफियत
१	सि.डि.हा.जी.	प्र.इन्जी/जियो/हा.जी.	नवौं/दशौं	१	
२	हाइड्रोजियोलोजिस्ट	प्र.इन्जी/जियो/हा.जी.	सातौं/आठौं	२	
३	ईन्जिनियर	प्र.इन्जी/सिविल/इरि.	सातौं/आठौं	१	
४	सब-ईन्जिनियर	प्र.इन्जी/सिविल/इरि.	पाचौं/छैठौं	२	
५	सब-ईन्जिनियर	प्र.इन्जी/ इलेक्ट्रीकल	पाचौं/छैठौं	१	
६	सब-ईन्जिनियर	प्र.इन्जी/नि.उ.स./मेकानिकल	पाचौं/छैठौं	१	
७	असिस्टेन्ट हाइड्रोजियोलोजिस्ट	प्र.इन्जी/जियो/हा.जी.	पाचौं/छैठौं	१	
८	प्रशासन सहायक	प्र.प्रशासन/सा.प्र.	पाचौं/छैठौं	१	
९	लेखापाल	प्र.प्रशासन/लेखा	पाचौं/छैठौं	१	
१०	स.क.अपरेटर	प्र.प्रशासन/सा.प्र.	चौथो/पाँचौ	१	

क्र.सं.	पद	सेवा/समुह/उपसमूह	तह	स्वीकृत दरबन्दी	कैफियत
११	हल्का सवारी चालक			१	करार
१२	कार्यालय सहयोगी			२	करार
जम्मा				**१५**	

१.६. हाल कार्यरत कर्मचारीको विवरण

यस कार्यालयमा कुल १५ जनाको स्वीकृत दरबन्दी रहेकोमा हाल ११ जना कार्यरत रहेका छन् । हाल कार्यरत कर्मचारीहरूको विवरण तपसिल बमोजिम रहेको छ । यस कार्यालयमा स्थायी तथा करार दरबन्दीमा कार्यरत ११ जना बाहेक दैनिक ज्यालादारी ५ जना गरी जम्मा १६ जना कर्मचारी कार्यरत रहेको अवस्था छ । रिक्त ५ वटा स्थायी दरबन्दीमा १ जना हाइड्रोजियोलोजिष्ट (अ.सातौं/आठौं), १ जना असिस्टेन्ट हा.जी (पाचौं/छैटौं), १ जना इन्जिनियर (अ.सातौं/आठौं), र १ जना इलेक्ट्रोनिक सब-इन्जीनियर (पाचौं/छैटौं), रिक्त रहेको र सहायक कम्प्युटर अपरेटर (पाचौं/छैटौं), हाल निलम्बन अवस्था रहेको छ ।

तालिका २:कार्यालयमा हाल कार्यरत कर्मचारीको विवरण

क्र.सं.	कर्मचारीको नाम	पद/तह	स्थाई ठेगाना	सम्पर्क नम्बर	कैफियत
१	महेश पोखेल	सि.डी. हाइड्रोजियोलोजिस्ट (दशौं तह)	प्युठान न.पा.-१, प्युठान	९८५७०५७४४८	का.प्र.
२	विष्णु उपाध्याय	वरिष्ठ हाइड्रोजियोलोजिस्ट (आठौं तह)	छत्रदेब-७ अर्घाखाँची	९८५७०५०६३४	सूचना अधिकारी
३	नारायण प्र. पन्थी	वरिष्ठ प्रा.अधिकृत (अ.सातौ)	बुटवल-१३,रुपन्देही	९८५७०३५५५०	
४	बिनोद कुमार पौडेल	वरिष्ठ अधिकृत लेखा (अ.सातौ)	बुटवल-११ रुपन्देही	९८५७०५०७४५	
५	कृष्ण बहादुर बि.क.	कम्पुटर अधिकृत (अ.छैठौ)	बाणगङ्गा-८ कपिलबस्तु	९८६६९२०६३७	निलम्बन
६	निकेश कु. मण्डल	अधिकृत प्राविधिक (अ.छैठौ/सिविल)	तिलाठी कोइलाडी,सप्तरी	९८६२२१२८१५	
७	सरण आचार्य	सब इन्जिनियर (सिविल)	मोदी-५ पर्वत	९८४६६४१०००	
८	पोमकला भण्डारी	नायब सुब्बा	धुर्कोट-६ गुल्मी	९८४४७६९९७५	

क्र.सं.	कर्मचारीको नाम	पद/तह	स्थाई ठेगाना	सम्पर्क नम्बर	कैफियत
९	सागर चौधरी	हल्का सवारी चालक	शुद्धोधन-२ रुपन्देही	९८०७५१४६३८	करार
१०	सिता दाहाल	कार्यालय सहयोगी	तिलोत्तमा-६ रुपन्देही	९८५७०३४९३९	करार
११	नारायण खत्री	कार्यालय सहयोगी	भिरकोट-३ स्याङ्गजा	९८४९२६००३८	करार
१२	सतिस चौधरी	सवारी चालक	शुद्धोधन-२ रुपन्देही	९८०७५३३००६	ज्यालादारी
१३	शिव ब. बलमपाकी	चौकीदार	गणेशमान चारनाथ-१ धनुषा	९८४७०३७७३०	ज्यालादारी
१४	पुरनमान श्रेष्ठ	सुपरभाइजर	बुटवल-५ रुपन्देही	९८४७०२७०१२	ज्यालादारी
१५	बिपिन बस्याल	सुपरभाइजर	वगनासकाली - ६ पाल्पा	९८६९४५५०९३	ज्यालादारी
१६	विनोद ज्ञवाली	सुपरभाइजर	तिलोत्तमा १४, रुपन्देही	९८४७३०३९७६	ज्यालादारी
१७	सिता जालन्धर	कुचिकार (स्वीपर)	बुटवल-२ रुपन्देही		ज्यालादारी

भाग-दुई

२. कार्यक्षेत्र सम्बन्धी विवरण

२.१. क्षेत्राधिकार

अनुसन्धानात्मक कार्यः

- जियोफिजिकल तथा हाइड्रोजियोलोजिकल सर्भे गरी ग्राउण्ड वाटर एक्युफर पोटेन्सियल पत्ता लगाउने
- पम्प टेस्ट मार्फत भूमिगत जलस्रोतको अवस्था तथा एक्युफरको विशेषता अध्ययन गर्ने
- भूमिगत जलस्रोतको सम्भाव्यता अध्ययन गर्ने तथा स्यालो तथा डिप ट्युववेलको सम्भावित क्षेत्र पहिचान गर्ने
- अनुसन्धानात्मक स्यालो तथा डिप ट्यूववेल निर्माण गरी भूमिगत जलको सतह (Water Level) को मोनिटरिंग गर्ने तथा भूमिगत जल भण्डारणको अध्ययन गर्ने
- भूमिगत जल पुनर्भरणको लागि मुख्य पुनर्भरण क्षेत्रको (Recharge Area) पहिचान गरी रिचार्ज वेल तथा पोखरीको विकास गरी पुनर्भरण क्षेत्र संरक्षणका गर्ने

सिँचाइ संरचना निर्माण कार्यः

- स्यालो तथा डिप ट्यूववेल निर्माण कार्य
- ट्यूववेलहरुमा पम्प जडान तथा विद्युतीकरण कार्य
- ट्यूववेलहरुमा पम्प घर तथा पानी वितरण प्रणाली निर्माण

अन्य कार्यः

- निर्माण भएका ट्यूववेलको मर्मत सम्भार तथा पुनर्स्थापना गर्ने
- ज.उ.स.को दिगो विकासका लागि तालिम तथा प्राविधिक सरसल्लाह प्रदान गर्ने

२.२. कार्यक्षेत्रको वस्तुगत अवस्था

यस कार्यालयको कार्यक्षेत्र मूलतः रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रहेको छ भने सम्भाव्य भएको क्षेत्रहरूमा पाल्पा तथा गुल्मी जिल्लाहरूमा समेत भूमिगत जल सम्बन्धी कार्य गर्ने गरी जिम्मेवारी दिइएको छ । तलको तालिकामा कार्यक्षेत्रका जिल्लाहरूको वस्तुगत विवरण रहेको छ ।

तालिका ३: कार्यालयको कार्यक्षेत्र विवरण

विवरण	रुपन्देही	नवलपरासी	पाल्पा	गुल्मी
कुल क्षेत्रफल (व.कि.मि.)	१२९७.४९	६३४.८८	१४६१.९०	१११०.७६
स्थानीय निकाय	१६	७	१०	१२
नगरपालिका	५	३	२	२
उप-महानगरपालिका	१	-	-	-
जनसंख्या	११२१९५७	३८६८६८	२४५०२७	२४६४९४
खेती योग्य जमिन (हे)	८९६३०	४१३७६	६६३१२	४६२५२
भूमिगत जलस्रोतको सम्भाव्य क्षेत्र (हे)	६२०५९	४०२००	यकिन नभएको	यकिन नभएको


स्रोतः http:mofaga.gov.np,imp2019

भाग-तीन

३. आ. ब. २०८२/०८३ वार्षिक लक्ष्य तथा प्रगति

४.१. वार्षिक बजेट तथा खर्च विवरण

प्रदेश सरकार स्थापना पश्चात् अर्थात् आ.व. २०७५/७६ देखि २०८२/८३ सम्म कुल विनियोजित बजेट १ अरब २७ करोड ८९ लाख मध्ये ८४ करोड ९६ लाख (६६%) खर्च भएको छ । कार्यालयको प्रदेश स्थापना पश्चात्को पुँजीगत बजेटको वार्षिक विनियोजन र खर्च निम्न बमोजिम रहेको छ ।



चित्र १: कार्यालयको हाल सम्मको वार्षिक विनियोजन र खर्च

त्यसैगरि यस कार्यालयको आ.व. २०८२/८३ मा भएको वार्षिक विनियोजन र बार्षिक खर्चको विवरण तपसिलको तालिका बमोजिम रहेको छ ।

तालिका ४: आ.ब. २०८२/०८३ को वार्षिक विनियोजन तथा खर्च विवरण

(रकम रु हजारमा)

बजेट शीर्षक	सुरुको विनियोजन	संशोधित विनियोजन	वार्षिक खर्च	वित्तीय प्रगति	भौतिक प्रगति	कैफियत
चालु	१८१९८	१८०३८	१२४४१	६८.९७ %		
पूँजीगत	१९०४१०	१६४२४५.९३	८९८९९	५८.८२ %	७५%	
जम्मा	२०८६०८	१८२२८३.९३	१०२३४०	५६.१४ %		

तालिका ५: आ.व. २०८२/०८३ को बजेट स्रोतको आधारमा वार्षिक प्रगति

(रकम रु हजारमा)

बजेट शिर्षक	सुरुको विनियोजन	संसोधित विनियोजन	बार्षिक खर्च	वित्तिय प्रगति	भौतिक प्रगति	कैफियत
चालु खर्च तर्फ						
भुमिगत जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालयहरु (३०८०००१३३)	१३१९८	१३०३८	१०५६३	८१.०२%		
भुमिगत स्यालो तथा डिप ट्युबेल सिचाइ कार्यक्रम (३०८०००१६३-बिशेष अनुदान)	५०००	५०००	१८७९	३७.५७%		
चालु जम्मा	**१८१९८**	**१८०३८**	**१२४४१**	**६८.९%**		
पूँजीगत खर्च तर्फ						
समानीकरण/राजश्व अनुदान तर्फका कार्यक्रम						
भुमिगत स्यालो तथा डिपट्युववेल सिँचाइ कार्यक्रम (३०८०००१६)	१२००१०	९४५४५.९	५५६०९	५८.८२%	७५%	
सिँचाइ आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम (३०८०००१८)	५८००	५१००	३४४७.२	६७.५९%	८४%	
खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम (३४७०२०१५४)	९६००	९६००	०		२०%	
विशेष अनुदान						
डिप ट्युववेल सिँचाइ योजनाको पुनर्स्थापना कार्यक्रम (३०८०००१६)	४००००	४००००	२८०७१	७०.१८%	१००%	
सशर्त अनुदान						
भुमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ आयोजना (३०८९११२४)	१५०००	१५०००	२७७०.९	१८.४७%	१००%	
पूँजीगत जम्मा	**१९०४१०**	**१६४२४५.९**	**८९८९९**	**५४.७%**		
कूल जम्मा	**२०८६०८**	**१८२२८३.९**	**१०२३४०**	**५६.१%**		

४.२. वार्षिक प्रगति सारांश

आ.ब. २०८२/०८३ मा सम्पादन भएका क्रियाकलापहरुको जिल्लागत बिनियोजन तथा खर्चको अबस्था तपसिल बमोजिमको तालिकामा रहेको छ ।

आ.ब. २०८२/८३ को योजनागत प्रगति विवरण

क्र.स.	जिल्ला	वार्षिक विनियोजन	वार्षिक खर्च	योजना संख्या	आ.व. २०८२/८३ मा कार्यान्वयन योजनासंख्या
क	३०८०००१६ भुमिगत स्यालो तथा डिपट्युववेल सिंचाई कार्यक्रम				
१	नवलपरासी	९०५८०.००	५१०९५.९२	४१	३६
२	रुपन्देही	२९८८०.००	२३०३७.७६	३९	३०
३	पाल्पा	१२२००.००	८१६८.१५	८	८
४	गुल्मी	१२१०.००	७०२.८०	४	१
	क को जम्मा	१३३८७०.००	८३००४.६२	९२	
ख	३०८०००१८ सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम				
१	नवलपरासी	४५७.१४	४४७.१२	१	१
२	रुपन्देही	४६४२.८६	३०००.१२	४	३
	ख को जम्मा	५१००.००	३४४७.२४	५	४
ग	३०८९११२४ भुमिगत स्यालो तथा डिप ट्युववेल सिंचाई आयोजना(संघ शसर्त अनुदान)				
१	नवलपरासी	१५०००.००	२७७०.९०	३	१
	ग को जम्मा	१५०००.००	२७७०.९०	३	१
	कुल जम्मा	१५३९७०.००	८९२२२.७६	१००.००	५.००
			जिल्लागत सारांश		
१	नवलपरासी	१०६०३७.१४	५४३१३.९४	४५.००	३८.००
२	रुपन्देही	३४५२२.८६	२६०३७.८७	४३.००	३३.००
३	पाल्पा	१२२००.००	८१६८.१५	८.००	८.००
४	गुल्मी	१२१०.००	७०२.८०	४.००	१.००
	जम्मा	१५३९७०.००	८९२२२.७६	१००	८०

Account Name	Budget	Expense	Remaining	Progress
308000164-भुमिगत स्यालो तथा डिपट्युववेल सिंचाई कार्यक्रम	Rs. 160,010,000	Rs. 83,681,065	Rs. 76,328,935	52.3%
308000133-भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरु	Rs. 13,198,000	Rs. 10,562,943	Rs. 2,635,057	80.03%
308911244-भुमिगत स्यालो तथा डिप ट्युववेल सिंचाई आयोजना(संघ शसर्त अनुदान)	Rs. 15,000,000	Rs. 2,770,897	Rs. 12,229,103	18.47%
308000163-भुमिगत स्यालो तथा डिपट्युववेल सिंचाई कार्यक्रम	Rs. 5,000,000	Rs. 1,878,502	Rs. 3,121,498	37.57%
308000184-सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम	Rs. 5,800,000	Rs. 3,447,232	Rs. 2,352,768	59.44%
347020154-खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम	Rs. 9,600,000	Rs. 0	Rs. 9,600,000	0%

४.३. योजनागत वार्षिक प्रगति

क) भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ कार्यक्रम (समानिकरण)

भूमिगत स्यालो तथा डिप ट्यूववेल सिँचाइ आयोजना (३०८०००१६४) तर्फको आ.व. २०८२/०८३ को योजनागत प्रगति अवस्था तपसिल बमोजिम रहेको छ ।

तालिका ६: आ.व. २०८२/०८३ को प्रगति अवस्था-सामानिकरण तर्फ

(रकम रु. हजारमा)

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बार्षिक बजेट	वार्षिक खर्च	मुख्य कार्य	कैफियत
१	जोकवार र सनहीको बीचमा पिपरीया निर वाड नं. ४ डिप ट्युववेल सिंचाइ प्रणालि, रामग्राम नवलपरासी	४००	३९५.७	२०९ मि. uPVC	
२	लुम्बिनी सास्कृतिक नं.पा. सिविक मधुवन ७, मेहालवारी, डिप टयुववेल सिचाइ प्रणाली, रुपन्देही	४००	३९५.५	२५८ मि uPVC	
३	पावर ड्रिल स्यालो ट्यूववेल निर्माण गुल्मी विभिन्न स्थान	१२००	७०२.८	१ PDSTW	
४	पावर ड्रिल स्यालो ट्यूववेल निर्माण पाल्पा विभिन्न स्थान	१२००	१०१७	२ PDSTW	
५	पालडाँडा डिप ट्यूववेल सिँचाइ प्रणाली, बर्दघाट-५, नवलपरासी	४००	३९४.७	२२२ मि uPVC	
६	कुमारगड्डी डिप ट्यूववेल सिं. यो., सैनामैना-९, रुपन्देही	२०००	१९९१.६८	१ DTW	
७	न्यु सृजलशिल युवाक्लब डिप ट्बवेल सिं.यो., बर्दघाट-६, नवलपरासी	१८४०	१२४३.७४	१ PH/Pump	
८	रामग्राम डिप ट्यूववेल सिं. यो., रामग्राम-१४, नवलपरासी	२५००	२३३८.५९	१ PH/Pump/Trans.	
९	मदनपोखरा डिप ट्यूववेल सिं. यो., ता.न.पा., पाल्पा	२०००	१२५३.३	१ PH/Pump	
१०	कुन्सेर डिप ट्यूववेल सिं. यो, तानसेन-७, पाल्पा	१५००	११०६.२५	१ DTW	
११	नौड़िया स्यालो ट्यूववेल सिं. यो, बर्दघाट-१५, नवलपरासी	१०		कार्यन्वयन नभएको	
१२	झारबैरा रन्यौरा स्यालो ट्यूववेल सिं. यो, सैनामैना-४ रुपन्देही	६००	५२५.७६	१ PDSTW	
१३	खनकपुर स्यालो ट्यूववेल सिं. यो, सैनामैना-२ रुपन्देही	१०००	८६२.५५	१ PDSTW	
१४	लघुनाहा डिप ट्युववेल सिँचाइ प्रणाली बर्दधाट ३ नवलपरासी	१२००	३८३.५	PH	

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बार्षिक बजेट	वार्षिक खर्च	मुख्य कार्य	कैफियत
१५	तिलौली डिप वोरिङ्ग सरावल गा. पा. - २ नवलपरासी	२०००	११४६	१ PH/Pump	
१६	वाँसा डिप वोरिङ्ग सरावल -१ नवलपरासी	२०००	११४८.७१	१ PH/Pump	
१७	माझा डिप ट्यूववेल सिं.यो, तानसेन-९, पाल्पा	२०००	१७९८.४	१ PH/Pump	
१८	माडी थटिया डिप ट्यूववेल सिं.यो, बगनासकाली-२, पाल्पा	२५००	६२६.५७	Electrification (ठेक्का म्यादथप)	क्रमागत
१९	मुखिया टोल बङ्गाली डिप ट्यूववेल सिं. यो., देवदह-८, रुपन्देही	२३००	२२५४.७२	१ PH/Pump/Ele	
२०	अर्गली डिप बोरिङ सिँचाई योजना, तानसेन १४, पाल्पा	१५००	११२३.२९	१ DTW	
२१	कृषकहरुका लागी स्यालो ट्युववेल जडान-कोटहीमाइ ४, रुपन्देही	९६०	६५४.३६	२ PDSTW	
२२	रानीबारी प्रगती टोल डिप वोरीङ्ग, बुटवल १९	२५००	२४०४.०९	१ PH/Pump/Ele	
२३	बुटवल उ.म.न.पा. मोटीसर १ रानीगञ्ज, डिप ट्युववेल सिँचाइ प्रणाली	१०		कार्यान्वयन नभएको	
२४	भडच्छी बगाहा डिप ट्यूववेल सैनामैना रुपन्देही	४८०	४२१.०९	Pump	
२५	पवित्र बस्ति डिप ट्युवबेल सिं यो, बर्दघाट -१४, नवलपरासी	४००	३५६.२३	२०१ मि. uPVC	
२६	जयमाँ कोटाही डिप ट्यूववेल सिंचाइ प्रणाली रामग्राम ८ नवलपरासी	८००	७८९.२४	४२४ मि. uPVC	
२७	गणेशपुर डाडाटोल डिप ट्यूववेल सिँचाइ प्रणाली, तिलोत्तमा ६ रुपन्देही	१०		कार्यान्वयन नभएको	
२८	शिव पार्वती स्यालो ट्यूववेल पाल्हिनन्दन ४ नवलपरासी	४००	३६७.१४	६ STW	
२९	जागरुक स्यालो ट्यूववेल तिलोत्तमा ८ रूपन्देही	६००	५६५.८४	१ PDSTW	
३०	हिमाली स्यालो ट्यूववेल रामग्राम १६ नवलपरासी	१०००	९४२.२	१ PDSTW	
३१	महल्बारी कुडिया स्यालो ट्यूववेल सुस्ता २ नवलपरासी	५००	४९६.८८	५ STW	
३२	ठुलो गैरी सानो गैरी स्यालो ट्यूववेल माथागढ़ी १ पाल्पा	९००	६७७.२७	१ PDSTW	
३३	संगम टोल स्यालो ट्यूववेल ता.न.पा. ९ पाल्पा	६००	५६६.०५	१ PDSTW	

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बार्षिक बजेट	वार्षिक खर्च	मुख्य कार्य	कैफियत
३४	एकिकृत सिँचाइ तथा कृषि विकास कार्यक्रम (ज्योति महिला कृषक, सिवानगढ़, रामग्राम १३, नवलपरासी)	१०००	९२७.७८	१ PDSTW	
३५	एकिकृत सिँचाइ तथा कृषि विकास कार्यक्रम (हरियाली कृषिसिँचाइ, सुद्धोदन १ वेलवा रूपन्देही)	१०००	९३३.३९	१३ STW	
३६	बाल्मिकी स्यालो ट्यूववेल योजना, बर्दघाट १ नवलपरासी	५५०	५३०.७	१ PDSTW	
३७	ट्यूववेल जडान कार्य,धुरकोट-५ औद्योगिक क्षेत्र, छल्दीखोला, गुल्मी	१०		कार्यान्वयन नभएको	
३८	सुमेरु स्यालो ट्यूववेल योजना, तिलोत्तमा ८ रुपन्देही	७००	६३१.१४	१ PDSTW	
३९	सालघारी स्यालो ट्यूववेल योजना, गैडहवा ७ रुपन्देही	७००	६४०.२४	१ PDSTW	
४०	श्रीनगर डिप ट्यूववेल योजना, रामग्राम-१४, नवलपरासी	२५००		बहुवर्षीय ठेक्का	
४१	स्यालो ट्युबेल बर्दघाट ४ चारघरे टोल, अधुरो आउटलेट निर्माण देवदह-२, रोहिणि ४ छिइपागढ ,देवदह ३ सिसपुर, देवदह ८ बंगला , रुपन्देहि	१०		कार्यान्वयन नभएको	
४२	स्यालो ट्युबेल सैनामैना न.पा. -६ इंगुरिया टोल रुपन्देहि	५००	४७९.४६	१ PDSTW	
४३	स्यालो ट्युबेल लुम्बिनि सांस्कृतिक रुपन्देहि	१०		कार्यान्वयन नभएको	
४४	देवदह न.पा.-५ डायमण्डपथ, रोहिणि गा. पा.-७ टिकर, स्यालो रुपन्देही	१०००	९३९.२४	२ PDSTW	
४५	सैनामैना न.पा वार्ड -११ चिसापानि टोलमा स्यालो ट्युबेल, रुपन्देहि	५००	४३५.९९	१ PDSTW	
४६	हिमालि स्यालो ट्युवेल ज उ स , रामग्राम १६ , भुसनापुर स्यालो ट्युवेल ज उ स , रामग्राम १४ घोडपालि स्यालो ट्युवेल ज उ स , नवलपरासि	८००	७०८.४२	१ PDSTW	
४७	प्रतापपुर गा.पा.३,५,६,७ र ९ स्यालो ट्युबेल जडान, नवलपरासि	१०००	९२१.६९	९ STW	
४८	डिप ट्युववेल सिँचाइ योजनाको पुनर्स्थापना कार्यक्रम	४००००	२८०७१.३६	२३ DTW मर्मत	बिशेष तर्फ
४९	नवदुर्गा स्यालो ट्युबेल ज.उ.स.रामग्राम १६, नवलपरासी	१०००	९२९.६६	१ PDSTW	

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बार्षिक बजेट	वार्षिक खर्च	मुख्य कार्य	कैफियत
५०	दाउन्ने स्यालो ट्युबेल ज.उ.स. पाल्हिनन्दन ५, नवलपरासी	१०००	८७५.१	१३ STW	
५१	कर्बला टोल डिप ट्युबेल सैनांमैना ४, रुपन्देही	२०००		बहुवर्षीय ठेक्का	
५२	समयमाइ स्यालो ट्यूववेल योजना,मर्चवारी ४ रुपन्देही	५००	४११.५६	४ STW	
५३	कृषि सिचाइका लागि स्यालो ट्युबल मायादेवी गा.पा.७, ओमसतिया गा.पा.२, तिलोत्तमा न.पा.१४, सि.न.पा.२, ४, ९, १०, ११ र मायादेवी गा.पा.८	८७०		कार्यान्वयन नभएको	
५४	सिँचाइ वोर जडान देवदह — ६ रुपन्देही	५००	४७९.४६	१ PDSTW	
५५	सिँचाइकोलागि स्यालो टयुबवेल कुम्भीचोक बुर्जाटोल, देवदह २, रुपन्देही	९६०	७१५.४२	१ PDSTW	
५६	सिचाईको लागि बुटवल १९ देवीस्थान टोल अन्तर्गत देवीस्थान स्यालो ट्यूवेल ३ थान र बुटवल १९ मनोहरापुर टोल ३ थान	७००	६६४.०४	१ PDSTW	
५७	शिशै कृषिक समुह स्यालो ट्युवेलहरु जडान, शुद्धोधन गा.पा. वडा नं. १ (रुपन्देही)	८००	७७५.७	६ STW	
५८	सिँचाइको लागी ट्युवेल जडान ,रामग्राम ८ उनवछ नवलपरासी	१०००	८७४.१८	१ PDSTW	
५९	कृषि सिचाइका लागि स्यालो ट्युबल मायादेवी गा.पा.७, ओमसतिया गा.पा.२, तिलोत्तमा न.पा.१४, सि.न.पा.२, ४, ९, १०, ११ र मायादेवी गा.पा.८	१६००		कार्यान्वयन नभएको	
६०	सिसवा डिप ट्युबेल	४००		कार्यान्वयन नभएको	
६१	मोतिवारी स्यालो ट्युबेल	८००	७७६.६५	९ STW	
६२	सुक्रौली घिनाहा डिप ट्युबेल	१६००		बहुवर्षीय ठेक्का	
६३	पल्ही लोहरौपी डिप ट्यसबेल	३०००		कार्यान्वयन नभएको	
६४	गौघाटमा स्यालो ट्युबेल 10 थान निर्माण	१२००		कार्यान्वयन नभएको	
६५	घोडाहा सिँचाइ बोरिङ्ग देवदह-९	८००		कार्यान्वयन नभएको	
६६	बेल भरिया स्यालो टुबेल	८००		कार्यान्वयन नभएको	

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बार्षिक बजेट	वार्षिक खर्च	मुख्य कार्य	कैफियत
६७	डोलही स्यालो ट्युबेल सूर्यपुरा	८००	७५०.५३	२ PDSTW	
६८	बगाले खोला डिप बोरिङ्ग सञ्चालन रे न पा ९ गुल्मी	४००		कार्यान्वयन नभएको	
६९	खपटेकारुख बोरिङ्ग सिचाई योजना सत्यवती ४ गुल्मी	८००		कार्यान्वयन नभएको	
७०	विद्युतिकरण,तारपोल,मोटरपम्प जडान रामग्राम १४,१५,१६,१८,९	८०००	११५८.६	२ PDSTW	
७१	शुक्रौली घिनहा डिप ट्यूववेल रामग्राम नगरपालिका वडा नं.१५ नवलपरासी	१६००		बहुवर्षीय ठेक्का	
७२	घोडपाली डिप ट्यूववेल ज.उ.स रामग्राम नगरपालिका वडा नं.३ नवलपरासी	२०००		बहुवर्षीय ठेक्का	
७३	भूस्नापूर डिप ट्यूववेल ज.उ.स रामग्राम नगरपालिका वडा नं.१४ नवलपरासी	२०००		बहुवर्षीय ठेक्का	
७४	जय गणेश डिप ट्यूववेल ज.उ.स रामग्राम नगरपालिका वडा नं.१७ नवलपरासी	२०००		बहुवर्षीय ठेक्का	
७५	जोकवार ललितपुर डिप ट्यूववेल ज.उ.स रामग्राम नगरपालिका वडा नं.९ नवलपरासी	२०००		बहुवर्षीय ठेक्का	
७६	सिंचाइ संस्थागत विकास कार्यक्रम	२४०	२३५.६९	कृषक तालिम	
७७	नयाँ मेशिन ड्रिल ट्यूववेल बोरिङ्ग, मायादेवी, सियारी, कोटाहिमाई, रुपन्देही	५००		कार्यान्वयन नभएको	
७८	सुनवल डिप ट्यूववेल सिंचाइ, सुनवल-७, तर्गौली, नवलपरासी	८००	५७०.२८	१ पम्प	
७९	चन्द्रज्योती डिप ट्यूववेल सिंचाइ उप-आयोजना बर्दघाट-१५	४००	४००	२१५ मि. uPVC	
८०	जय माँ दुर्गा डिप ट्यूववेल, रामग्राम-१७, पठ्खौली, नवलपरासी	८००	७९०.३३	४३० मि. uPVC	
८१	कोटस्थान डिप ट्युवबेल सिं यो, सरावल ४, हात्तीवन, नवलपरासी	१२३०	१२२५.८९	1 PH/Pump/Ele	पुरानो दायित्व
८२	जय समईमाई डिप ट्यूववेल, गैडहवा ३, बर्गदवा, रुपन्देही	४००	३९५.४८	२६० मि. uPVC	
८३	लुम्बिनि हरियाली कृषक डिप ट्यूववेल सिं यो, लुम्विनी ११, , महादेवा, रुपन्देही	१६००	१२२६.९१	१५८२ मि. 4" uPVC	
८४	गंगा पृथीवी डिप ट्यूववेल सिं यो, बर्दघाट-१४, गंगाबस्ती, नवलपरासी	८००	७५७.३१	401 मि. uPVC	

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बार्षिक बजेट	वार्षिक खर्च	मुख्य कार्य	कैफियत
८५	शान्तिटोल डिप ट्यूववेल सिं यो, कन्चन-५, रुपन्देही	४००	४००	२५० मि. uPVC	
८६	हनुमान डिप ट्यूववेल सिं यो, कन्चन-3, रुपन्देही	४००	३७०.५६	२५० मि. uPVC	
८७	बरमपुरवा डिप ट्यूववेल सिंचाइ, उप-आयोजना रामग्राम-९	४००	२६५	१ PH	
८८	सम्पन्न भएका योजनाहरुको कमिसनिङ्ग कार्य तथा योजना हस्तान्तरण	४००	४०१.०२	1 Pump/1 Control Panel/NEA Meter Charge	
८९	मोति बस्ति डिप ट्युब वेल सिंचाइ योजना, बर्दघाट-,१ नवलपरासी	१६००	१०३६.२२	८२९ मि. uPVC	
९०	सानो गैडहवा डिप ट्यूववेल सिंचाइ योजना, गैडहवा -३ रुपन्देही	८००	७९०.४८	४६२ मि. uPVC	
९१	शान्ति डिप ट्यूववेल सिंचाइ योजना गैडहवा -७ रुपन्देही	१२००	९६५.२७	७२१ मि. uPVC	
९२	कृषि सिंचाइ योजना, बर्दघाट-११, नवलपरासी	२१००		अदालतमा मुद्दा	
९३	रुपौलिया डिप ट्युब वेल सिंचाइ योजना, सुस्ता-१, नवलपरासी	१२८०	६२९.७७	1 PH (ठेक्का म्यादथप भएको)	क्रमागत
९४	सामाजिक परिचालन तथा प्रचार प्रसार	६७६	६७५.९		
	जम्मा	**१३४५४५**	**८३६८०.५**		

तालिका ७: संघीय विशेष अनुदानबाट भएको प्रगति
(डिप ट्युववेल सिँचाइ योजनाको पुनर्स्थापना कार्यक्रम)

क्र.स.	ज.उ.स को नाम	कार्य विवरण
१	सिद्धार्थ डिप ट्यूववेल, बर्दघाट १२	४०२ मि. पाइपलाइन तथा ४ थान नयाँ र १३ थान पुरानो आउटलेट मर्मत ।
२	बिश्रामपुर डिप ट्यूववेल, बर्दघाट १२, चौपट्टा	६२२ मि. पाइपलाइन तथा ६ थान नयाँ र ११ थान पुरानो आउटलेट मर्मत ।
३	दुर्गा डिप बोरिङ, बर्दघाट १२, चौपट्टा	९२७ मि. पाइपलाइन तथा ९ थान नयाँ आउटलेट निर्माण ।
४	१५ नं. डिप बोरिङ, बर्दघाट १२, सापहिया	१ थान नयाँ ट्रान्सफर्मर सहितको विद्युतिकरण, ९९५ मि. पाइपलाइन तथा ८ थान नयाँ आउटलेट निर्माण ।
५	नम्बर २ मध्यम बोरिङ, बर्दघाट १२, दाबिला	४२० मि. पाइपलाइन तथा 4 थान नयाँ आउटलेट निर्माण ।
६	मंगलपुर डिप बोरिङ, बर्दघाट १२	११७९ मि. पाइपलाइन तथा 11 थान नयाँ आउटलेट निर्माण ।

क्र.स.	ज.उ.स को नाम	कार्य विवरण
७	१ नं. डीप बोरिङ, भटौलिया, बर्दघाट १२	३५६ मि. पाइपलाइन तथा ३ थान नयाँ आउटलेट निर्माण ।
८	सन्तोषी माता डिप बोरिङ, बर्दघाट १२, कुसुमचोक	८०३ मि. पाइपलाइन तथा ८ थान नयाँ र ८ थान पुरानो आउटलेट मर्मत ।
९	किसान कृषक समुह, बर्दघाट १२, बरगदाई	१ थान १५ hp पम्प १६१३ मि. पाइपलाइन तथा १४ थान नयाँ आउटलेट निर्माण ।
१०	कोटहिमाई डिप बोरिङ, बर्दघाट १२	५९९ मि. पाइपलाइन तथा ५ थान नयाँ र १२ थान पुरानो आउटलेट मर्मत ।
११	कालिका डिप ट्यूववेल, बर्दघाट १३	१२३४ मि. पाइपलाइन तथा ११ थान नयाँ आउटलेट निर्माण ।
१२	नम्बर ४ मध्यम बोरिङ, बर्दघाट १३, धनेवा (रानीनगर WUA)	९०७ मि. पाइपलाइन तथा १० थान नयाँ आउटलेट निर्माण ।
१३	नम्बर ७ मिडियम बोरिङ, बर्दघाट १३, रानीनगर, धनेवा	१ थान १० hp पम्प ७६४ मि. पाइपलाइन तथा ८ थान नयाँ आउटलेट निर्माण ।
१४	त्रिशक्ति डिप बोरिङ, बर्दघाट १३, रानीनगर, धनेवा	७०८ मि. पाइपलाइन तथा १० थान नयाँ आउटलेट निर्माण ।
१५	नम्बर ५ मध्यम बोरिङ बर्दघाट १३, रानीनगर	१ थान १० hp पम्प ६९४ मि. पाइपलाइन तथा ६ थान नयाँ आउटलेट निर्माण ।
१६	नम्बर ६ मध्यम बोरिङ बर्दघाट १३, रानीनगर (नवएकाता कृषक समूह WUA)	१०१५ मि. पाइपलाइन तथा ९ थान नयाँ आउटलेट निर्माण ।
१७	नम्बर १० मध्यम बोरिङ, बर्दघाट-१३	१ थान १० hp पम्प जडान तथा पम्प घर मर्मत ।
१८	नम्बर ८ मिडियम बोरिङ, धनेवा, बर्दघाट १३, रानीनगर	१५१५ मि. पाइपलाइन तथा १२ थान नयाँ आउटलेट निर्माण ।
१९	नं.९ मिडियम बोरिङ, धनेवा, बर्दघाट १३, रानीनगर	९६९ मि. पाइपलाइन तथा १० थान नयाँ आउटलेट निर्माण ।
२०	३ नं. डिप बोरिङ, प्रतापपुर १, जमुनिया, नवलपरासी (ब्रहम्बाबा WUA)	७९५ मि. पाइपलाइन तथा ५ थान नयाँ आउटलेट निर्माण ।
२१	मलङ्गबाबा डिप ट्यूववेल	१ थान नयाँ डिप ट्यूववेल निर्माण ।
२२	MTW-१, ट्यूववेल दविल्ला	१ थान १० hp पम्म जडान ।

(नोटः- डिप ट्युववेल सिँचाइ योजनाको पुनर्स्थापना कार्यक्रम-भुमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ कार्यक्रम (३०८०००१६) मा रु ४ करोड विनियोजन भएकोमा ठेक्कापट्टाबाट कार्य सम्पन्न हुँदा रु २.८ करोड खर्च भएको)

ख) भूमिगत स्यालो तथा डिप ट्युबवेल सिँचाइ आयोजना (संघीय ससर्त)

भूमिगत स्यालो तथा डिप ट्युववेल सिँचाइ आयोजना (संघ ससर्त अनुदान, ३०८९११२४४) कार्यक्रम अन्तर्गत ३ योजनामा कुल १ करोड ५० लाख विनियोजन भएकोमा २ वटा योजना कार्यान्वयनमै नगएको

र एउटा योजना कार्यान्वयनमा गई नवलपरासी जिल्लाको सुस्ता १ मा ३० थान स्यालो ट्यूववेल निर्माण सम्पन्न भई कुल ६० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ । यस योजना अन्तर्गत निर्माण भएको स्यालो ट्यूववेल विवरण अनुसूचीमा समावेश गरिएको छ ।

तालिका ८: ससर्त तर्फका योजनाहरूको प्रगति अवस्था

क्र.स.	कार्यक्रम/क्रियाकलाप	वार्षिक विनियोजन	वार्षिक खर्च	सम्पादित मुख्य कार्य	कैफियत
१	विनयी त्रिवेणी गा.पा. वडा न. ६ कोटिहोम मन्दिर देखी पश्चिमतर्फ ढुङ्गाना वस्ती केउलानी क्षेत्रको कृषियोग्य करिव ४० विगाहा क्षेत्रमा कृषि सिँचाइ प्रयोजनार्थ डिप बोरिङ्ग (विनियी त्रिवेणी- नवलपरासी (ब,सु.पू.)	५०००		कार्यान्वयन नभएको	कार्यक्षेत्रमा नपरेकोले (गण्डकी प्रदेशको कार्यक्षेत्र)
२	सुस्ता-१ रूपौलिया छिवनी, फेचुवा र सिंगाहाको असिंचित कृषि क्षेत्रमा सिँचाइ प्रयोजनार्थ बोरिङ (स्यालो सेट) नवलपरासी	५०००	२७७०.९	३० STW	योजना सम्पन्न
३	निर्माणधिन डिप बोरिङ्गको पाईपलाईन विस्तार कार्य प्रतापपुर गा पा वाड नं.१ सेमरी नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)	५०००		कार्यान्वयन नभएको	योजना फेला नपरेको
	जम्मा	**१५०००**	**२७७०.९**		

ग) सिँचाई योजना मर्मत सम्भार तथा विस्तार (३०८०००१८४)

विगत वर्षहरूमा निर्माण सम्पन्न भई हस्तान्तरण भैसकेका योजनाहरूमा कृषकहरूको आफ्नै स्रोत तथा साधनबाट मर्मत गरी सञ्चालन गर्न नसकिएका योजनाहरूमा कृषक र प्रदेश सरकारको संयुक्त लगानीबाट संरचना मर्मत गरी सिँचाइ प्रणाली सुदृढीकरण गरी सञ्चालनमा ल्याउन यो कार्यक्रमले सहयोग गरेको छ । आ.व. २०८२/८३ मा मर्मत गरि सुदृढीकरण पच्यात संचलान गरिएका विभिन्न योजनाहरूको विवरण तपसिल बमोजिम रहेको छ ।

तालिका ९:मर्मत सम्भार तर्फका योजनाहरूमा भएको कार्य विवरण

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बिनियोजन	खर्च	सम्पन्न कार्य	कैफिएत
१	प्रगति डिप ट्युबबेल कन्चन ५, लखनचोक डिप ट्यूववेल सिंचाइ कन्चन ३,रुपन्देही	१०००	८८९.३६	२ स्थानका योजनामा ५५० मिटर पाइप लाइन र ३ थान आउटलेट निर्माण	
२	मंजरिया डिप ट्यूववेल रामग्राम १०, हकुई डिप ट्यूववेल रामग्राम १६,साम्यमाइ डिप ट्यूववेल सुनवल ७ तगौंली, हरियाली डिप ट्यूववेल रोहिणी ६ रुपन्देहीमा ट्रान्सफरमर मर्मत/पुनर्स्थापन जडान कार्य	२०००	८९४.२४	हरियाली डिप ट्यूववेल रोहिणी-६ मा ५० KVA र साम्यमाइ DTW सुनवल -७ मा २५ KVA को ट्रान्सफर्मर जडान	
३	डिप बोरिङ्ग मर्मत सैनांमैना १, रुपन्देही	१०००	६८४.४१	पाइप तथा पम्प खरिद कार्य	
४	घोडाहा सिँचाइ बोरिङ्ग देवदह-९	८००		कार्यान्वयन नभएको	
५	आकस्मिक डिप ट्यूववेल सिचाई प्रणाली मर्मत सम्भार, (रुपन्देही, नवलपरासी)	१०००	९७७.७	३ थान पम्प तथा १ थान प्यानल वोर्ड जडान कार्य ।	
	कुल	**५८००**	**३४४७.२**		

घ) खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार (३४७०२०१५४)

प्रदेश सरकारको वार्षिक विनियोजन गर्ने सिलसिलामा सिँचाइ प्रयोजनको लागि नयाँ डिप ट्यूववेल निर्माण गर्नु पर्ने कार्य खानेपानी मन्त्रालय अन्तर्गतका निकायमा भुल बस विनियोजन हुन गएको र २०८२ फाल्गुन पछि उक्त योजनाहरू यस कार्यालयमा कार्यान्वयनको लागि अख्तियारी प्राप्त हुन आएकाले वित्तीय प्रगति नभएको तथा उक्त बजेट उपशीर्षक अन्तर्गतका योजनाहरूको प्रगति अवस्था तपसिल बमोजिम रहेको छ ।

तालिका १०:खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम

क्र.स.	कार्यक्रम/क्रियाकलाप	बिनियोजन	खर्च	सम्पन्न कार्य	कैफिएत
१	रेक्सहवा डिप ट्युववेल ज.उ.स. रामग्राम न.पा — १४ नवलपरासी	२४००	०	बहुवर्षीय ठेक्का भएको	
२	घिनाह डिप ट्युववेल ज.उ.स. रामग्राम न.पा — १५ नवलपरासी	२४००	०	बहुवर्षीय ठेक्का भएको	
३	लंकहवा डिप ट्युववेल ज.उ.स. रामग्राम न.पा — १० नवलपरासी	२४००	०	बहुवर्षीय ठेक्का भएको	
४	श्रीनगर डिप ट्युववेल ज.उ.स. रामग्राम न.पा — १४ नवलपरासी	२४००	०	कार्यान्वयन नभएको	ठेगाना नमिलेकोले
	कुल	**९६००**	**०**		

४.४. कार्यान्वयन हुन नसकेका योजनाहरू

आ.व. २०८२/०८३ मा यस कार्यालयलाई प्राप्त वार्षिक कार्यक्रम बमोजिम विविध कारणले तपसिल बमोजिमका कार्यक्रमहरू कार्यान्वयन हुन सकेनन्।

तालिका ११: आ.व.२०८२/०८३ मा कार्यान्वयन हुन नसकेका योजना विवरण

क्र.सं.	कार्यक्रम	बजेट (ह)	कार्यान्वयन हुन नसक्नुको कारण
क)	**संघ शसर्त अनुदान तर्फका योजनाहरू**		
१	११.४.१५.२१२६ विनयी त्रिवेणी गा.पा. वडा न. ६ कृषि सिँचाइ प्रयोजनार्थ डिप बोरिङ्ग	५०००	योजना गण्डकी प्रदेशमा पर्ने भएकोले यस कार्यालयको कार्यक्षेत्रमा नपर्ने
२	११.४.१५.२१३. निर्माणधिन डिप बोरिङ्गको पाईपलाईन विस्तार कार्य प्रतापपुर गा पा वाड नं.१ सेमरी नवलपरासी	५०००	तोकिएको स्थानमा डिप ट्यूववेल योजना नभएको
ख)	**खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम**		
३	११.४.१६.४८२४ श्रीनगर डिप ट्युववेल ज.उ.स. रामग्राम न.पा — १४ नवलपरासी	२४००	माग बमोजिम ठेगाना नमिलेकोले ठेगाना सच्याउन लेखि पठाएकोमा नसच्चिएको
ग)	**भूमिगत स्यालो तथा दिप ट्यूववेल सिँचाइ आयोजना**		
४	११.४.१५.१४५९ नौड़िया स्यालो ट्यूववेल सिं. यो, बर्दघाट-१५, नवलपरासी	६००	उपभोक्ता सम्पर्कमा नआएको
५	११.४.१५.२०३४ बुटवल उ.म.न.पा. मोटीसर १ रानीगङ्ग, डिप ट्युववेल सिँचाइ	१०००	निर्माणस्थलमा जग्गा बिबाद हुन गएको
६	११.४.१५.२०७७ गणेशपुर डाडाटोल डिप ट्यूववेल सिँचाइ, तिलोत्तमा ६ रुपन्देही	१९२०	प्रयाप्त सिंचित क्षेत्र नभएको, योजना आवश्यक नदेखिएको, माग समेत नआएको
७	११.४.१५.२०८८ ट्यूववेल जडान कार्य, धुरकोट-५ औद्योगिक क्षेत्र, छल्दीखोला, गुल्मी	७००	मागकर्ता सम्पर्कमा भएतापनि मागफाराम नआएको
८	११.४.१५.२१४८ स्यालो ट्युबेल बर्दघाट ४ चारघरे टोल, अधुरो आउटलेट निर्माण देवदह-२, रोहिणि ४ छिइपागढ ,देवदह ३ सिसपुर, देवदह ८ बंगला , रुपन्देहि	४००	योजनास्थल धेरै र विनियोजित रकम थोरै भएको
९	११.४.१५.२१५० स्यालो ट्युबेल लुम्बिनि सांस्कृतिक रुपन्देहि	५००	बढी गहिरो जानु पर्ने भएकोले रकम नपुगेको
१०	११.४.१५.२२३० कृषि सिचाइका लागि स्यालो ट्युबल मायादेवी गा.पा.७, ओमसतिया गा.पा.२, तिलोत्तमा न.पा.१४, सि.न.पा.२, ४, ९, १०, ११ र मायादेवी गा.पा.८	१२७०	योजनास्थल धेरै र विनियोजित रकम थोरै भएको
११	११.४.१५.२२४७ सिसवा डिप ट्युबेल	८००	प्रस्ट ठेगाना नखुलेको
१२	११.४.१५.२२४४ कृषि सिचाइका लागि स्यालो ट्युबल मायादेवी गा.पा.७, ओमसतिया गा.पा.२,	४००	स्थान धेरै तोकिएको र बजेट कम भएको

क्र.सं.	कार्यक्रम	बजेट (ह)	कार्यान्वयन हुन नसक्नुको कारण
	तिलोत्तमा न.पा.१४, सि.न.पा.२, ४, ९, १०, ११ र मायादेवी गा.पा.८		
१३	११.४.१५.२२५६ खपटेकारुख बोरिङ्ग सिचाई योजना सत्यवती ४ गुल्मी	८००	तोकिएको स्थानमा प्राविधिक रूपमा पानी आउने सम्भावना नदेखिएको
१४	११.४.१५.२२५५ बगाले खोला डिप बोरिङ्ग सञ्चालनरे न पा ९ गुल्मी	४००	TW भै.लु.भू.ज. बाट निर्माण भएकोले बाँकी कार्यपनि उतैबाट हुनुपर्ने (कानुनि कठिनाई)
१५	११.४.१५.२२५० पल्ही लोहरौपी डिप ट्यसबेल	२४००	समयमा माग नआएकोले appraisal report तैयार नभएको
१६	११.४.१५.२२५१ गौघाटमा स्यालो ट्युबेल 10 थान निर्माण	१२००	माग प्राप्त नभएको
१७	११.४.१५.३४८ नयाँ मेशिन डिर्ल ट्यूववेल बोरिङ्ग, मायादेवी, सियारी, कोटाहिमाई, रुपन्देही	५००	स्थान धेरै तोकिएको र बजेट कम भएको
	११.४.१५.८९३ कृषि सिंचाइ योजना, बर्दघाट-११, नवलपरासी	१६८०	आदालतमा मुद्दा विचाराधीन रहेकोले ठेक्का अन्तिम किनारा नलागेको
१८	११.६.१६.६ परामर्श सेवा - भुमिगत रुपन्देही (हर्मिचौर, अर्बेनी कालिगण्डकी वडा नं. १,२ गुल्मीमा भूमिगत जलस्रोतको सम्भाव्यता अध्ययन)	४००	सुरुमा रकम रोक्का भएको र पछि रोक्का खुलेपछि कार्य गर्न समय तथा जनशक्ति उपलब्ध हुन नसकेको
१९	११.६.१६.७ सिँचाइ गुरुयोजना तयारीको लागि तथ्याङ्क सङ्कलन कार्य (Inventory works)	४००	मन्त्रालयले एकरूपताको लागि नमुना फर्म्याट बनाउने भनेकोमा समयमा प्राप्त गर्न नसकेकोले
घ)	**सिँचाइ आयोजना मर्मत सम्भार तथा बिस्तार**		
२०	११.५.१५.१७५५ घोडाहा सिँचाइ बोरिङ्ग देवदह-९	८००	माग प्राप्त नभएको
	जम्मा	**२८५७०.**	

४.६. क्रमागत ठेक्का विवरण

कार्यालयबाट आ.व. २०८२/८३ मा ठेक्का आह्वान भएर कार्य सम्पन्न नभएको ठेक्काहरूको विवरण निम्न प्रकार रहेको छ ।

तालिका १२:क्रमागत ठेक्का/योजना विवरण (रकम रु हजारमा)

क्र. स.	योजनाको नाम	ठेक्का न.	सम्झौता रकम	खर्च रकम	सम्झौता अवधी	कैफियत
१	श्रीनगर DTW योजना रामग्राम-१४ नवलपरासी	GWRIDD/DTW/NCB/15/2082-83	३०५९		९/३०/०८३	बहुवर्षीय स्रोत सुनिश्चित भएको बाट पहिलो चरणको डिप ट्यूववेल निर्माण मात्रको ठेक्का भएको
२	भुस्नापुर DTW योजना रामग्राम-१४ नवलपरासी	GWRIDD/DTW/NCB/16/2082-83	३०६३		९/३०/०८३	
3	घोडपाली DTW रामग्राम-३ नवलपरासी	GWRIDD/DTW/NCB/17/2082-83	२७९२		९/३०/०८३	
४	जोकवार ललितपुर DTW रामग्राम-९ नवलपरासी	GWRIDD/DTW/NCB/18/2082-83	३६००		९/३०/०८३	
५	रेक्सहवा DTW,रामग्राम-१४ नवलपरासी	GWRIDD/DTW/NCB/19/2082-83	२७८६		९/३०/०८३	
६	शुक्रौलि घिनाह (उत्तरटोला) DTW रामग्राम-१५ नवलपरासी	GWRIDD/DTW/NCB/25/2082-83	२३३३		१०/३०/०८३	
७	शुक्रौलि घिनाह DTW रामग्राम-१५ नवलपरासी	GWRIDD/DTW/NCB/26/2082-83	२३३३		१०/३०/०८३	
८	घिनाह DTW रामग्राम-१५	GWRIDD/DTW/NCB/27/2082-83	२३३३		१०/३०/०८३	
९	जयगणेश DTW रामग्राम-१७ नवलपरासी	GWRIDD/DTW/NCB/28/2082-83	२३३३		१०/३०/०८३	
१०	लंकहवा DTW रामग्राम-१० नवलपरासी	GWRIDD/DTW/NCB/29/2082-83	२४०३		१०/३०/०८३	
११	कर्वलाटोल DTW योजना सैनामैना-४, रुपन्देही	GWRIDD/DTW/NCB/30/2082-83	१८८३		१०/३०/०८३	
१२	माडीथटिया DTW बगनासकाली-२, पाल्पा	GWRIDD/DS/SQ/13/2082-83	१७५२	६२६	६/३०/०८३	पम्प्घर/ विद्युत-म्याद थपिएको
१३	रुपौलिया DTW योजना, सुस्ता-१, नवलपरासी	GWRIDD/PH/NCB/06/2082-083	१५७९	९५८	६/३०/०८३	पम्पघर-म्याद थपिएको
		जम्मा	३२२४१	१५८४		

भाग-चार

४. कार्यालयको उपलब्धी

४.७. वार्षिक परिमाणात्मक उपलब्धी (आ.ब.२०८२/०८३)

तालिका १३: कार्यालयले आ.व. २०८२/८३ मा गरेको सूचकमा आधारित जिल्लागत प्रगति

क्र.स.	जिल्ला	योजना संख्या	कार्यान्वयन योजना संख्या	सूचक अनुसारको प्रगति										सिँचित क्षेत्र (हे)	
				DTW	PDSTW	STW	PH	पम्प	ट्रान्स.	विद्युत (मि)	विद्युतपोल	uPVC (मि)	आउटलेट	नयाँ	सुदृढिकरण
१	नवलपरासी	४५	३८	१	८	७२	५	१२	३	७५३	२२	१९४५३	१८१	६३३	१४२
२	रुपन्देही	४३	३३	१	२२	१७	२	७	३	३२५	१२	४७२५	४०	१८९	
३	पाल्पा	८	८	२	४		२	२		४५०	१२			१०	
४	गुल्मी	४	१		१									२.५	
	जम्मा	**१००**	**८०**	**४**	**३५**	**८९**	**९**	**२१**	**६**	**१५२८**	**४६**	**२४१७८**	**२२१**	**८३४**	**१४२**

४.८. हाल सम्मको उपलब्धि (आ.ब.२०८२/०८३ सम्म)

यस कार्यालयको कार्यक्षेत्र मध्ये नवलपरासी (ब.सु.प.) जिल्लामा ४३२००।०० हे, रुपन्देही जिल्लामा ६२०५९ हे., गरी जम्मा १०५२५९ हे जमिनमा भूमिगत जलस्रोत बाट सिँचाइ गर्न सकिने सम्भावना रहेकोमा हालसम्म (आ.ब.२०८२/०८३ सम्म) विभिन्न योजनाबाट नवलपरासी जिल्लामा ९२७६।०० हेक्टरर रुपन्देही जिल्लामा १६७४३।०० हेक्टरगरी जम्मा २६०१९।०० हे जमिनमा सिँचाइ सुविधा उपलब्ध गराइएको छ ।

तालिका १४: हालसम्मको जिल्लागत सिँचित क्षेत्र विस्तार

सि.नं.	जिल्ला	खेति योग्य जग्गाको क्षेत्रफल (हे)	सिँचाइ सम्भाव्य क्षेत्रफल (हे)	भूमिगत सिचाई प्रणालीबाट सिंचित क्षेत्रफल (हे)			
				आ.व. २०८१/८२ सम्मको	आ.व. २०८२/८३ को थप	हाल सम्मको जम्मा	प्रतिशत
१	रुपन्देही	८९६३०	८९१९७	१६५५३.५	१८९	१६७४३	
२	नवलपरासी (ब.सु.प.)	४१३७३	४०८२८	८६४३.	६३३	९२७६	
३	पाल्पा	६६३१२	८६८८	२६४५.५	४	२६५०	
४	गुल्मी	४६२५२	१७१००	११६.५	२.५	११८	
जम्मा		२४३५६७	१५५८१३	२७९५९	८२९	२८७८७	

४.९. विगतमा सम्पन्न भएका योजनाहरू

स्थापना काल देखि हाल सम्म यस कार्यालयबाट तपसिल बमोजिमका धेरै आयोजनाहरु योजनाहरू सञ्चालन भएका थिए ।

तालिका १५: विगत वर्षमा सम्पन्न आयोजना विवरण

क्र.सं	योजनाको नाम	योजना अवधि	लगानीको श्रोत	मुख्य कार्यहरु	हालको अवस्था	कैफियत
१	GWIP	२०३१-२०७४	USAID, IDA,GON	अन्वेषण ट्यूववेल निर्माण गरी भूमिगत जलको अध्ययन	सम्पन्न	
२	ILC	२०४५-२०५१	बिश्व बैंक	२८ वटा DTW र २५ वटा STW निर्माण भएको	सम्पन्न	
३	NISP	२०५७-२०६२	बिश्व बैंक	४१ वटा DTW र ४ वटा STW निर्माण घएको	सम्पन्न	
४	APP	२०५४-२०७४	नेपाल सरकार	२९ वटा DTW र ७८२९ वटा STW निर्माण घएको	सम्पन्न	
५	ICWMP	२०६१-२०७४	नेपाल सरकार	पानी व्यास्थापन सम्बन्धी कार्य	सम्पन्न	
६	IWRMP	२०६४-२०७४	बिश्व बैंक	१५ वटा DTW र १५० वटा STW निर्माण भएको	सम्पन्न	
७	STISP	२०७२-२०७५	नेपाल सरकार	DTW सिँचाइ प्रणालीहरु निर्माण भएको	सम्पन्न	

